नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## सिंहदरवार,काठमाडौं

### कार्यालय सामान तथा कम्प्युटर पार्टस खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०५।०१

चालु आ. व. २०७९/८० को लागि यस केन्द्रलाई आवश्यक पर्ने तपसिलमा उल्लेख भए बमोजिमका प्याकेजका कार्यालय सामान र कम्प्युटर पार्टस सम्बन्धी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

| सि.नं. | प्याकेज नं | विवरण | दरभाउपत्रको मुल्य | धरौटी रकम |
|---|---|---|---|---|
| १ | १/०७९-८० | स्टेशनरी तथा मसलन्द सम्बन्धी कार्यालय सामानहरु | १०००।- | २३०००।- |
| २ | २/०७९-८० | कम्प्युटर पार्टस सम्बन्धी कार्यालय सामानहरु | १०००।- | ३१०००।- |

<u>शर्तहरु</u>

१. यो सूचना प्रकाशित भएको मितिले पन्ध्र १५ दिन भित्रमा सम्बन्धित कार्यको लागि इजाजत प्राप्त फर्मले चालु आ.ब.को लागि नविकरण भएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र (मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र), आ.ब.२०७७।०७८ को कर चुक्ता प्रमाणपत्र वा आ.ब.२०७८।०७९ को आय विवरण पेश गरेको प्रमाण सहित एभरेष्ट बैक लि. सिंहदरवारको खाता नम्बर ००१००१०६२०००००, यस कार्यालयको कोड नम्बर ३०१०४३५०१ र राजस्व शिर्षक नम्बर १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा रु १०००।(फिर्ता नहुने) जम्मा गरि निवेदन पेश गरि यस कार्यालयको स्टोर शाखा बाट कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको सिलबन्दी दरभाउपत्र फाराममा आफ्नो फर्मको नाम, ठेगाना, आफुले कबुल गरेको रकम अंक र अक्षेरेपीमा प्रस्ट लेखि सिलबन्दी गरि १६औं दिनको अपरान्ह १२ बजे भित्र यस कार्यालयको दर्ता शाखामा दर्ता गराईसक्नु पर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोहिदिन दिनको २ बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ।खोल्ने समयमा सिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधिको उपस्थिति नरहेको अबस्थामा पनि खोल्न बाधा हुने छैन।

३. सिलबन्दी दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको पहिलो दिन सोहि स्थान र समयमा हुनेछ ।

४. सिलवन्दी दरभाउपत्र साथ सूचनामा उल्लेखित धरौटी रकम को.ले.नि.का भुक्तानी केन्द्र नं.४ को सिंहदरवार स्थित राष्ट्रिय बाणिज्य बैंकको क २.३ (धरौटी) खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको ७५ दिनको अबधि भएको बैक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अबधि ४५ दिनको हुनेछ ।

६. एउटा फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र स्विकृत भए पछि आफुले कबुल गरेको कूल रकमको ५ प्रतिशतले हुन आउने रकम को.ले.नि.का. सिंहदरवारको माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा ईजाजत प्राप्त बित्तिय संस्थाबाट यस केन्द्रको नाममा जारी गरेको बि.सं. २०८० आषाढ मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानतपत्र (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।